# चामे गाउँपालिका

## व्यवसायिक कृषि तथा पशुपालन अनुदान तथा प्रोत्साहन कार्यविधि, २०७७

**गाउँपालिकाबाट स्वीकृत मिति : २०७७।०३।३०**

**२०७७**

**गाउँ कार्यपालिकाको कार्यालय**

**चामे, मनाङ**

**गण्डकी प्रदेश, नेपाल**

# **व्यावसायिक कृषि तथा पशुपालन अनुदान तथा प्रोत्साहन कार्यविधि, २०७७**

**प्रस्तावना :** कृषि व्यावसायमा उच्च जोखिम तथा न्यून प्रतिफल भएका कारण कृषकहरु यस क्षेत्रबाट पलायन भइरहेको अवस्थालाई दृष्टिगत गरी स्थानीय सरकारको तर्फबाट यसको व्यावसायिकतामा टेवा पुर्याई उनीहरुलाई प्रोत्साहन गर्न जरुरी भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकारको प्रयोग गर्दै चामे गाउँ कार्यपालिकाले व्यावसायिक कृषि तथा पशुपालन अनुदान तथा प्रोत्साहन कार्यविधि, **२०७७** स्वीकृत गरी लागु गरेको छ ।

## **परिच्छेद-१**

## **प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम व्यावसायिक कृषि तथा पशुपालन अनुदान तथा प्रोत्साहन कार्यविधि, २०७७' रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाले राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागु हुनेछ ।

(३) यो कार्यविधि चामे गाउँपालिका भर लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुदान" भन्नाले साँवा व्याज फिर्ता गर्नु नपर्ने गरी गाउँ पालिकाले उपलव्ध गराएको मौद्रिक वा गैरमौद्रिक बस्तुलाई सम्झनु पर्दछ ।

(ख) "आवेदक" भन्नाले कृषि अनुदानका लागि इच्छुक भई प्रस्ताव पेश गर्ने फर्म, कम्पनी, समुह, सहकारी वा व्यक्तिलाई सम्झनु पर्दछ ।

(ग) "कृषि" भन्नाले पशुपंक्षी पालन, मत्स्यपालन, खाद्यान्न एवं नगदेवालीलाई सम्झनु पर्दछ

(ग) "कार्यपालिका" भन्नाले चामे गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले चामे गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) " वीउपुँजी " भन्नाले गाउँपालिकाले कृषकलाई व्यवसाय स्थापना गर्न वा विस्तार गर्न वा सुधार गर्न दिने रकमलाई बुझ्नु पर्दछ ।

## परिच्छेद -२

## अनुदान सम्बन्धी व्यवस्था

**३. अनुदान दिन सक्ने :** (१) कृषि व्यवसायको प्रवहर्दन तथा प्रोत्साहनका लागि गाउँपालिकाले देहाय बमोजिमको अनुदान दिन सक्नेछ :

(क) कृषि सहकारी, लाई बीउपुँजी अनुदान,

(ख) कृषि ऋणको व्याज अनुदान,

(ग) कृषि उपजको ग्रेडिङ, प्याकेजिङ, तथा लेभलिङका लागि अनुदान

(घ) सेवा टेवा अनुदान,

(ङ) स्याउ बगैंचा विस्तार तथा सुधार अनुदान,

(च) नयाँ किसान प्रोत्साहन अनुदान

(२) उपदफा (१) बमोजिम उल्लेख भएका अनुदान कार्यक्रमका लागि प्रदान गरिने रकमको अधिकतम सिमा गाउँसभाबाट अनुमोदन भएको बार्षिक बजेटमा व्यवस्था भए बमोजिम हुनेछ ।

**४. कृषि सहकारीलाई वीउ पुँजी अनुदान प्रदान गर्न सक्ने :** (१) अनुदान प्रदान गर्दा देहायका कृषि सहकारीहरुलाई अनुदान प्रदान गर्न सकिनेछ ।

क. भूमिहीन कृषक वा सिमान्तकृत समुदाय वा महिला मात्र सम्मिलित सहकारी संस्थाले खाद्यान्न तथा तरकारी बालीको बीउ उत्पादन, फलफूल तथा तरकारी खेती, आलु खेती, व्यावसायिक पशुपालन लगायतका सहकारी प्रणालीमा आधारित कृषिजन्य वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर सिर्जना गर्ने आयोजना,

ख. दीर्घकालीन भूमिको व्यवस्था गरी चक्ला बन्दीमा आधारित सहकारी खेती वा आफ्ना सदस्यलाई संलग्न गराई सामूहिक खेती सञ्चालन गर्ने आयोजना,

ग. कृषि उपज संकलन तथा सञ्चय, शीतघर स्थापना, थोक बजार व्यवस्थापन, कृषि औजार कारखाना स्थापना, कृषि उत्पादनको प्रशोधन तथा बजारीकरण गर्ने सम्बन्धी आयोजना,

(२) उपदफा (१) बमोजिम बीउपुँजी अनुदान उपलव्ध गराउँदा संस्थाको प्रत्यक्ष रोजगार पाउने सदस्य संख्याका आधारमा प्रति सदस्य रु दश हजार रुपैयाँ वा कुल तिन लाख रुपैयामा जुन घटी हुन्छ सो रकमको माथिल्लो सीमा कायम गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक पटक बीउपुँजी अनुदान उपलव्ध गराईएको संस्थाले आयोजना विस्तार गरी थप रोजगारी दिलाउने अवस्थामा दुई बर्षपछी उपदफा (२) बमोजिमको सीमामा नबढाई आयोजना विस्तारबाट सिर्जना भएको थप रोजगारीका आधारमा बीउपुँजी अनुदान प्रदान गर्न सकिनेछ ।

(४) कृषि उपजको उत्पादन, प्रशोधन र बजारीकरणको प्रयोजन बाहेक अन्य प्रयोजनका लागि अनुदान प्रदान गरिने छैन ।

(५) प्रचलित कानूनको अधिनमा सञ्चालित सहकारी,संस्थालाई मात्र यस दफा बमोजिमको अनुदान प्रदान गर्न सकिनेछ ।

**५. कृषि ऋणको व्याज अनुदान दिन सक्ने:** (१) यस कार्यक्रमको कार्यान्वयन गाउँपालिका वा गाउँपालिकाले तोकेको महाशाखा, शाखा वा निकायबाट हुनेछ ।

(२) आवेदक मध्ये प्रतिस्पर्धाका आधारमा छनौट गरी कम्तिमा १ लाख देखि बढीमा १० लाख सम्मको कृषि ऋणमा एक बर्षका लागि व्याजमा अनुदान उपलव्ध गराउन सकिनेछ ।

(३) ऋण प्रवाह गर्ने वित्तीय संस्थाको छनौट गर्ने अधिकार स्वयम आवेदकलाई हुनेछ र ऋण प्रवाह गर्ने संस्थाले सम्बन्धित स्थानीय तहमा रहेको शाखाबाट समेत यस कार्यविधि बमोजिम ऋण उपलव्ध गराउन सक्नेछ ।

(४) गाउँपालिकाले व्याज अनुदान उपलव्ध गराएको ऋणमा सम्बन्धित ऋण प्रवाह गर्ने संस्थाले १० प्रतिशत भन्दा बढी नहुने गरी व्याजदर कायम गर्नुपर्नेछ र व्याजका अतिरिक्त अन्य कुनै पनि प्रकारको थप सेवा शुल्क लिन पाइने छैन ।

**६. ऋण प्रवाह गर्ने संस्थाको काम, कर्तव्य र अधिकार :** (१) यस कार्यविधि कार्यान्वयनको लागि ऋण प्रवाह गर्ने संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको निर्देशनलाई कार्यान्वयन गर्नुपर्नेछ ।

(२) ऋणको प्रकार, उदेश्य, लगानी रकम, जोखिमको स्तर एवं आवश्यकता अनुसार सदुपयोगिता निरिक्षण गरी सो को अभिलेख अद्यावधिक गरि राख्नुपर्नेछ ।

**७. व्याज अनुदान भुक्तानी सम्बन्धि व्यवस्था** : (१) दफा (५) को अधिनमा रही ऋण प्रवाह गर्ने संस्थाले निर्धारण गरेको व्याजको पचास प्रतिशतसम्म अनुदान उपलव्ध गराइनेछ ।

(२) आवेदकले उपदफा (४) बमोजिम पेश गरेको कार्ययोजनामा भएको कार्यप्रगतिको आधारमा ऋण प्रवाह गर्ने सम्बन्धित संस्थाको खातामा गाउँपालिकाबाट तिन किस्तामा व्याज अनुदान उपलव्ध गराइनेछ ।

(३) व्याज अनुदान प्राप्त गर्नको लागि आवेदकले पेश गरेको अनुसूची ४ बमोजिमको व्यावसायिक योजनामा उल्लेखित कार्यहरु सम्पन्न गरी गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।सो योजनामा प्रत्येक ४ महिनामा सम्पन्न हुने अनुमानित कार्यप्रगति समेत उल्लेख गर्नुपर्नेछ र सो कार्ययोजना दफा १५ बमोजिमको समितिबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(४) स्वीकृत कार्ययोजनाको चौमासिक कार्य विभाजनका आधारमा प्राविधिकले गरेको स्थलगत निरिक्षण प्रतिवेदन र ऋण प्रवाह गर्ने संस्थाको तोकिएको अवधिको ब्याजदर खुलेको ऋण प्रवाह गर्ने प्रतिवद्दता पत्रका आधारमा उपदफा (१) बमोजिम व्याज अनुदान उपलव्ध गराइनेछ ।

(५) यदि आवेदकले लिएको कृषि ऋणको व्याज स्वयमले भुक्तानी गरेमा सो को सोधभर्ना दिन सकिने छ तर यसरी सोधभर्ना दिदा ऋण प्रवाह गर्ने संस्था मार्फत भुक्तानी दिइनेछ ।

(६) यस कार्यविधि बमोजिम ऋण लिने आवेदकले रु पाँच लाख भन्दा बढीको परियोजनाको अनिवार्य रुपमा बिमा गराउनुपर्नेछ र बिमा सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

(८) आवेदकले चौमासिक रुपमा कार्य सम्पन्न प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**(८) कृषि उपजको ग्रेडिङ, प्याकेजिङ, तथा लेभलिङका लागि अनुदान दिन सकिने :** (१) कृषि उपजको ग्रेडिङ, प्याकेजिङ तथा लेभलिङका लागि देहाय बमोजिमको उपकरणमा अनुदान उपलव्ध गराउन सकिनेछ ।

(क) कृषि उपज धुने तथा पखाल्ने उपकरणहरु,

(ख) छाँट्ने उपकरणहरु,

(ग) ग्रेडिङ गर्ने मेसिन तथा उपकरणहरु,

(घ) प्याक गर्ने सामग्री तथा उपकरणहरु,

(ङ) लेवल लगाउने सामग्री तथा उपकरणहरु,

(च) वार कोड टाँस्ने उपकरण तथा सामग्रीहरु,

(छ) अन्य औजार, उपकरण र सामग्रीहरु ।

(२) स्वीकृत बजेटको परिधिभित्र रही कुल लागत रकमको बढीमा ५० प्रतिशत सम्म वा रु १ लाख मध्ये जुन कम हुन आउछ सो बराबरको रकम अनुदान स्वरुप उपलव्ध गराउन सकिनेछ ।

(३) आवेदकले आफूले लगानी गर्न कबोल गरेको रकम तथा अन्य पूर्वाधारको व्यवस्था गरी वा वित्तीय संस्थाबाट लगानी हुने अवस्थामा वित्तीय संस्थाको प्रतिवद्दता पत्र वा अन्य भरपर्दो विवरण प्राप्त गरेपछी मात्र आवेदकलाई स्वीकृत कार्ययोजना बमोजिम कार्यक्रम अघि बढाउन गाउँपालिकाले कार्यादेश दिन सक्नेछ ।

(४) स्वीकृत भएका आवेदनलाई गाउँपालिकाबाट खटिएको अनुगमनकर्ताले अनुगमन गरी पेश गरेको प्रतिवेदन र आवेदकले पेश गरेको विल, भर्पाई सहित भुक्तानीका लागि माग भई आएपछी सम्झौतामा उल्लेख भएको आधारमा भुक्तानी दिइनेछ ।

(५) अनुदान रकम भुक्तानीका लागि देहायका कागजात पेश गर्नु पर्नेछ ।

(क) तोकिएको कृयाकलापमा गरिएको खर्चको विवरण,

(ख) विल विजकको सक्कल प्रति,

(ग) तयार गरिएको संरचना र खरिद गरिएका उपकरणको फोटो,

(घ) अनुदानग्राहीले कार्यसम्पन्न गरेको फोटो

(ङ) प्राविधिकको सिफारिस पत्र ।

**९. सेवा टेवाका लागि अनुदान दिन सकिने :** (१) गाउँपालिकाले कृषि व्यावसायमा परेको देहायका प्रभाव न्यूनीकरण तथा क्षतिको जोखिम व्यवस्थापनका लागि अनुदान दिन सक्नेछ ।

(क) महामारीजन्य रोग तथा किराको प्रकोप,

(ख) विपद्का घटनाको दुष्प्रभाव,

(ग) नेपाल सरकारबाट सिफारिस वीउमा फसल नलागेमा,

(२) दफा ९ उपदफा (१) को (ख) बमोजिम विपदका घटनाको दुष्प्रभावबाट क्षति पुगेको वा पुग्न लागेको भनी जिल्ला विपद् व्यवस्थापन समितिले गरेको निर्णय र गाउँपालिकाको सम्बन्धित शाखाले निरिक्षण गरी पेश गरेको प्रतिवेदनका आधारमा समितिले बढीमा रु ५० हजार सम्म पुनःस्थापना सहयोग उपलव्ध गराउन सक्नेछ ।

(२) दफा ९ को उपदफा (१) को (क) बमोजिमको प्रकोप न्यूनीकरणका लागि गाउँपालिकाले औषधि, विषादी, स्प्रेयर, लगायतका उपकरण र प्राविधिक परामर्श निशुल्क उपलव्ध गराउन सक्नेछ ।

(३) विपदबाट पशुको गोठ, सिंचाई कुलो वा यस्तै प्रकृतिको कृषि पूर्वाधार क्षतिग्रस्त भएमा गाउँपालिकाले निरिक्षण गरी तयार पारेको प्राविधिक लागत अनुमानका आधारमा संरचना मर्मत गर्न लाग्ने खर्चमा ६० प्रतिशत सम्म अनुदान दिन सक्नेछ ।

(४) विपद्वारा प्रभावित कृषकलाई फलफूल लगायतका नगदे कृषि बाली वा भेडा, बाख्रा, च्याङग्रा लगायत व्यावसायिक पशुपालन गर्न चाहेमा दफा १५ बमोजिमको समितिको सिफारिसको आधारमा निशुल्क व्याड पशु वा विरुवा वा नगद अनुदान दिन सकिनेछ ।यस्तो अनुदानमा नगदेबालीको हकमा बढीमा ५ रोपनी जग्गाका लागी र पशुपालनको हकमा बढीमा रु पचास हजार सम्म प्रदान गर्न सकिनेछ ।

**१०. स्याउ बगैचा विस्तार तथा सुधारका लागि अनुदान दिन सकिने:** (१) व्यावसायिक स्याउ खेती गर्ने कृषकहरुले स्याउ बगैचा विस्तार तथा सुधार गर्न चाहेमा गाउँपालिका समक्ष निवेदन दिन सक्नेछन् ।

(२) आवेदकले पेश गरेको प्रस्तावका आधारमा प्राविधिकले तयार पारेको लागत अनुमान र प्राविधिक मूल्यांकन सहितको सिफारिस पत्र तथा कार्यक्रमको कार्य प्रगतीका आधारमा अनुदान उपलव्ध गराउन सकिनेछ ।

(४) आवेदक कृषकले स्याउ बगैंचा विस्तार तथा सुधारका लागि गरेको लगानीको विल भर्पाई लगायत कागजातका आधारमा अनुसूची ७ बमोजिम अनुदान दिन सकिनेछ । तर ठेकेदार वा ठेक्कापट्टा मार्फत सञ्चालित कार्यक्रमका लागि अनुदान दिइने छैन ।

**११. नयाँ किसानलाई प्रोत्साहनका लागि अनुदान दिन सकिने : (१)** कृषि व्यावसायमा लगानी गर्न चाहने व्यक्ति वा समूहलाई गाउँपालिकाले निजले गरेको लगानीको बिस प्रतिशतसम्म नगद अनुदान उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदानका लागि आवेदकले अनुदान सिफारिस समिति समक्ष तोकिए बमोजिमको व्यावसायिक कार्ययोजना पेश गर्नुपर्नेछ र सो को मूल्यांकनका आधारमा गाउँपालिकाले अनुदान उपलव्ध गराउन सक्नेछ ।

## परिच्छेद-३

## अनुदान प्रदान गर्ने प्रक्रिया

**१२. सूचना प्रकाशन गर्ने : (१)** प्रत्येक आर्थिक बर्षको सम्भव भएसम्म भाद्र मसान्तभित्र र आवश्यकता अनुसार गाउँपालिका र गाउँपालिका अन्तरगतका वडाहरुमा अनुदानका लागि प्रस्ताव पेश गर्न कम्तिमा एक साताको समय दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) यसरी सूचना प्रकाशन गर्दा गाउँपालिकाले तोकिएको अनुदान कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्न योग्य कृषि व्यावसायहरुको सूची समेत प्रकाशन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना गाउँपालिकाको कार्यालय, सम्बन्धित वडा कार्यालयका अतिरिक्त जिल्ला समन्वय समिति, मालपोत लगायतका सार्वजनिक स्थानमा टाँस गरी प्रचार प्रसार गर्नुपर्नेछ ।

**१३. दरखास्त पेश गर्नुपर्ने :** (१) अनुदान कार्यक्रमका लागि आवेदकले अनुसूची १ मा तोकिएका र गाउँपालिकाले आवश्यक ठानेका अन्य कागजात सहित आवेदन दिनु पर्नेछ ।

(२) प्रत्येक कार्यक्रमका लागि अनूसूची २ मा तोकिए बमोजिमको प्रतिवद्गता पत्र र अनूसूची ३ बमोजिमको व्यावसायिक कार्ययोजना पेश गर्नु पर्नेछ ।

(३) दफा १० बमोजिमको कार्यक्रमका लागि आवेदन गर्दा यस दफाको उपदफा (१), (२) का अतिरिक्त अनुसूची ४ बमोजिमको प्रस्ताव र अनुसूची ५ बमोजिम मूल्यांकनका आधारभूत विवरण समेत पेश गर्नु पर्नेछ ।

**१४. प्रारम्भिक छानविन गर्ने :** (१) कार्यालयमा प्राप्त दरखास्त उपर एक साता भित्र सम्बन्धित शाखाले छानविन गरी रित पुगेका दरखास्तलाई सम्भाव्य अनुदानग्राहीका रुपमा स्वीकार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा सम्बन्धित शाखाले कार्यक्रमसँग सम्बन्धित दफामा उल्लेख भएको व्यवस्था, तोकिएको जाँचसूची र स्थलगत निरिक्षणका आधारमा छानविन गर्न सक्नेछन् ।

(३) उपदफा (२) बमोजिमको छानविन तथा निरिक्षणका आधारमा शाखाले दफा १५ बमोजिमको प्रस्ताब मूल्यांकन समितिमा पेश गर्नु पर्नेछ ।

**१५. मूल्यांकन तथा सिफारिस समिति :** (१) अनुदानका लागि प्राप्त आवेदन मूल्यांकन गरी कार्यपालिका समक्ष सिफारिस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समिति गठन गर्नु पर्नेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) जिल्ला समन्वय समितिको प्रतिनिधि | सदस्य |
| (ग) कृषि ज्ञान केन्द्रका प्रमुख | सदस्य |
| (घ) प्रशासन तथा योजना शाखा प्रमुख | सदस्य |
| (ङ) सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिले सम्बन्धित विषयमा विज्ञ, कार्यपालिकाका सम्बन्धित समितिका पदाधिकारी वा वडाअध्यक्षहरु मध्ये अधिकतम ३ जना सम्मलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) मूल्यांकन समितिले दफा ३ को उपदफा (२) बमोजिम छुट्याईएको बजेटको सीमाभित्र रही प्रत्येक प्रस्तावलाई अनुसूची ५ बमोजिमको आधारमा मूल्यांकन गरी अंक प्रदान गर्नु पर्नेछ ।

(४) दफा १० बमोजिमको कार्यक्रमका लागि अनुसूची ६ बमोजिम मूल्यांकन गरी अंक प्रदान गर्नु पर्नेछ ।

**१६. आयोजना प्रस्तावको स्वीकृति :** (१) दफा १५ बमोजिम मूल्यांकन समितिबाट सिफारिस भएको अनुदान स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिसलाई १५ दिन भित्र कार्यपालिकाले स्वीकृत गरिसक्नुपर्नेछ । कार्यपालिकाले सिफारिस अस्वीकृत गर्न चाहेमा कारण खोली निवेदकलाई एक साता भित्र सो को जानकारी दिनुपर्नेछ ।

(३) कुनै पनि आयोजना प्रस्ताव स्वीकृत हुनको लागि न्यूनतम ४० अंक प्राप्त गर्नुपर्नेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि कार्यपालिकाले आवश्यक देखेका उपयुक्त आयोजनालाई कुनै शर्त वा बन्देज तोकी प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

**१७. प्रस्ताव छनौट भएको जानकारी दिनुपर्ने :(१)** दफा १६ को उपदफा (२) बमोजिम स्वीकृत भएको अनुदान स्वीकृत भएको जानकारी सहित १५ दिन भित्र सम्झौता गर्न आउन सूचित गर्नुपर्नेछ ।उक्त सूचना कार्यालयको वेभसाईटमा समेत सार्वजनिक जानकारीका लागि प्रकाशन गर्नुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम अनुदान प्रदान गर्दा तोकिएको ढाँचा बमोजिम सम्झौता गर्नुपर्नेछ ।

**१८. अन्य प्रयोजनका लागि खर्च गर्न नहुने :** अनुदान प्राप्त गर्ने व्यक्ति वा संस्थाले अनुदान लिएको प्रयोजन बाहेक अन्य प्रयोजनका लागि अनुदान रकम खर्च गर्न पाउने छैन ।यसरी खर्च गरेको पाइए अनुदान रोक्का गर्नुका साथै भुक्तानी भएको अनुदान रकमको दोब्बर रकम सरकारी बाँकी सरह

असुल गरिनेछ । तर रकम असुल गर्नुपूर्व निजलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

१९. **अनुगमन गर्नुपर्ने : (१)** गाउँपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरेको अनुदानको उपयोग सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नुपर्नेछ ।अनुगमनका लागि स्वीकृत बजेट तथा कार्यक्रममा विनियोजित रकमबाट खर्च गर्नुपर्नेछ ।

(२) अनुगमनमा जाने कर्मचारी/पदाधिकारीले कार्यालयले तोकेको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ । अनुगमनमा सम्झौतामा उल्लेख भए बमोजिम कार्य नगरेको पाइएमा अनुदान रोक्का गर्न सकिनेछ ।

२०. **सार्वजनिक खरिद ऐन लागू हुने :** यस कार्यविधि बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित नेपाल कानून बमोजिमको प्रक्रिया पुरा गर्नुपर्नेछ ।

२१. **वित्तीय अनुदानको लेखा परिक्षण : (**१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले प्रचलित कानून अनुसार लेखा परिक्षण गराई सो को प्रतिवेदन गाउँपालिकालाई आर्थिक बर्ष समाप्त हुन एक महिना अगावै पेश गर्नु पर्नेछ ।

**(२)** व्यक्तिले प्राप्त गरेको अनुदानको हकमा निजले अनुदान रकमबाट गरेको खर्च, प्रगतिको विवरण र अनुदान उपयोगबाट प्राप्त भएको नतिजा देखिने गरी गाउँपालिका समक्ष आर्थिक बर्ष समाप्त हुन एक महिना अगावै पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## विविध

२२. गाउँपालिकाले सूचना प्रकाशन गरी तोकेको मितिदेखी मात्र अनुदान सम्बन्धि कार्यक्रम लागू हुनेछ ।

२३. कुनै एक अनुदान कार्यक्रममा सहभागी भएको व्यक्ति वा संस्थालाई अर्को अनुदान मूलक कार्यक्रममा र एक पटक अनुदान पाएको व्यक्ति वा संस्थालाई निजको कार्य

प्रगति र अनुदानको उपयोगका आधारमा कम्तिमा ३ बर्षपछी मात्र अनुदान मूलक कार्यक्रममा सहभागी हुन दिइने छ ।

२४. नेपाल सरकार वा प्रदेश सरकारबाट अनुदान प्राप्त कार्यक्रमका लागि पुन स्थानीय तहबाट अनुदान वितरण गरिने छैन ।

२५. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि दफा १(ख) बमोजिमको अनुदान कार्यान्वयनका लागि गाउँपालिकाले तत्काल निर्णय गर्न सक्नेछ ।

## अनुसूची १

## दफा (४), (५), (८),(९),(१०),(११) सँग सम्बन्धित

## आवेदन फाराम तथा संलग्न गर्नुपर्ने कागजातहरु

श्री चामे गाउँपालिका

मनाङ ।

प्रस्तुत विषयमा त्यहाँ गाउँपालिकाबाट मिति .....................गते प्रकाशित सूचनाको आधारमा यस कार्यविधिको दफा .........बमोजिमको अनुदानका लागि तपशील बमोजिमका कागजात सहित निवेदन पेश गरेको छु ।

| दफा | अनुदानको प्रकार | आवश्यक कागजात |
|---|---|---|
| ४ | कृषि सहकारीलाई बिउ पुँजी अनुदान, | १. संस्था दर्ताको प्रमाणपत्र तथा विनियमको प्रतिलिपि<br>२. पछिल्लो आ.ब को लेखा परिक्षण प्रतिवेदन<br>३. करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि<br>४. आयोजनाको प्रस्ताव<br>५. साधारण सभाबाट प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्ने निर्णयको प्रतिलिपि<br>६. सञ्चालक समिति सदस्यहरुको तिनपुस्ते खुलेको विवरण<br>७. पूर्वसम्भाव्यता प्रतिवेदन<br>८. संस्थाको जग्गाको लाल पुर्जा वा कम्तिमा ५ बर्षको करार सम्झौताको प्रमाणित प्रतिलिपि<br>९. संस्थाको तर्फबाट पुँजीको श्रोत खुलेको प्रमाण<br>१०.व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव |
| ५ | कृषि ऋणमा व्याज अनुदान | १. नेपाली नागरिकताको प्रतिलिपि<br>२. व्यावसायिक योजना सहितको प्रस्ताव<br>३. वित्तीय संस्थाको व्याजदर खुलेको प्रतिवद्दता पत्र |

| | | |
|---|---|---|
| | | ४. फर्म, कम्पनी, सहकारी, समूह दर्ता भएको नविकृत प्रमाणपत्रको प्रतिलिपि<br>१. व्यावसाय सञ्चालन गर्ने जग्गाको पूर्जा वा कम्तिमा ५ बर्षको करार सम्झौता पत्र<br>५. यस कार्यक्रमका लागि यसअघि लाभ नलिएको र अन्य संस्थाबाट अनुदान नलिएको स्वयम घोषणापत्र। |
| ८ | कृषि उपजको ग्रेडिङ, प्याकेजिङ, तथा लेभलिङका लागि अनुदान | २. नेपाली नागरिकताको प्रतिलिपि<br>३. व्यावसायिक योजना सहितको प्रस्ताव<br>४. फर्म, कम्पनी, सहकारी, समूह दर्ता भएको नविकृत प्रमाणपत्रको प्रतिलिपि<br>५. व्यावसाय सञ्चालन गर्ने जग्गाको पूर्जाको प्रतिलिपि वा कम्तिमा ५ बर्षको करार सम्झौता पत्र<br>६. कम्तिमा ५ बर्षसम्म व्यावसाय सञ्चालन गर्ने प्रतिवद्दता पत्र<br>७. यस कार्यक्रमका लागि यसअघि लाभ नलिएको र अन्य संस्थाबाट अनुदान नलिएको स्वयम घोषणापत्र। |
| ९ | सेवा टेवा अनुदान, | १. नेपाली नागरिकताको प्रमाणपत्र<br>२. बालीनाली वा पशुपंक्षीमा पुगेको क्षतिको अनुमानित विवरण<br>३. सम्भव भएसम्म जिल्ला विपद व्यवस्थापन समितिको निर्णय<br>४. प्रहरीको मुचुल्का वा वडा कार्यालयको सिफारिस<br>५. क्षति झल्कने तस्विरहरु। |
| १० | स्याउ बगैंचा विस्तार तथा सुधार अनुदान, | १. फर्म, कम्पनी, सहकारी, समूह दर्ता भएको नविकृत प्रमाणपत्रको प्रतिलिपि<br>२. यस कार्यक्रमका लागि यसअघि लाभ नलिएको र अन्य संस्थाबाट अनुदान नलिएको स्वयम घोषणापत्र।<br>३. समूह, सहकारी वा यस्तै प्रकृतिको संस्थाको हकमा साधारण सभाबाट प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्ने निर्णयको प्रतिलिपि<br>४. कम्तिमा १५ बर्षसम्म व्यावसाय सञ्चालन गर्ने प्रतिवद्दता पत्र<br>५. कम्तिमा फलिरहेको ५० वोट स्याउ भएको र थप बगैंचा विस्तार गर्न मिल्ने ठाउँ भएको, एकै रोड करिडोर वा चक्लाबन्दी गर्न सकिने ठाउँ भएको जग्गाको नक्सा र लालपुर्जाको प्रतिलिपि |
| ११ | नयाँ किसान प्रोत्साहन अनुदान | १. नेपाली नागरिकताको प्रमाणपत्र<br>२. जग्गाको लालपुर्जा वा कम्तिमा ५ बर्षका लागि करार सम्झौताको प्रतिलिपि<br>३. प्रस्ताव सहित व्यावसायिक कार्ययोजना<br>४. व्यावसाय सम्भव रहेको आधार सहितको पूर्व सम्भाव्यता अध्ययन<br>५. कम्तिमा ५ बर्षसम्म व्यावसाय सञ्चालन गर्ने प्रतिवद्दता पत्र |

| | | |
|---|---|---|
| | | ६. सम्बन्धित व्यावसायका कम्तिमा एक हप्ताको लागि तालिम लिएको प्रमाणपत्र । |

## अनुसूची २

## दफा १३ को उपदफा (२) बमोजिम

## प्रतिवद्दता पत्र

चामे गाउँपालिकाको मिति .........मा प्रकाशित सूचना अनुसार ................................कार्यक्रम सञ्चालन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि व्यावसायिक कार्ययोजना सहित आवेदन पेश गरेको छु / गरेका छौं ।उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमका कार्य गर्ने गरी ................बर्षसम्म निरन्तरता दिनेछु /दिनेछौं ।कार्ययोजना बमोजिमको कार्य नगरेमा वा ................बर्षभन्दा अगावै सो कार्यक्रम बन्द गरेमा चामे गाउँपालिकाबाट प्राप्त अनुदान फिर्ता गर्नेछु/गर्नेछौं ।अन्यथा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला । साथै प्रस्तावित कार्यक्रमका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध छ ।

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

नाम :

ठेगाना :

दस्तखत :

मिति :

संस्थाको छाप :

## अनुसूची ३

## दफा १३ को उपदफा (२) बमोजिम

## व्यावसायिक कार्ययोजना

१. व्यावसायिक फर्म/ कम्पनी/ समूह/ सहकारी को पुरा नाम र ठेगाना:

२. व्यावसाय सञ्चालन गरिने स्थान /जग्गाको क्षेत्रफल/ आकार:

३. परियोजनाको पृष्ठभूमी :

४. परियोजनाको उदेश्य र औचित्य:

५. व्यावसायिक योजना :

- उत्पादन योजना/आधारभूत कार्य: (के कति उत्पादन हुन्छ र सुरुवाती कार्य )
- बजार योजना/आपूर्ति व्यवस्थापन: (कहाँ लगेर कसरी बेच्ने )
- संगठन तथा व्यवस्थापन योजना : (कामदार कर्मचारी संख्या र व्यावसायको सुरक्षा योजना)
- वित्तीय योजना : (लगानीको श्रोत, अपेक्षित नाफा)

६. अपेक्षित प्रतिफल : (समग्र योजनाबाट हुने आर्थिक सामाजिक पर्यावरणीय लाभ)

७. लागत बजेट : ( शिर्षकगत लगानीको तालिका, लगानीको श्रोत र व्याज रकम समेत खुलाउने)

८. योजनाको दिगोपना : (पछी सम्म निरन्तरता दिन सक्ने आधार प्रस्तुत गर्ने)

९. नविन सोच : नयाँ कृषि उत्पादन कार्यक्रम वा पुरानै कृषि उत्पादन कार्यक्रमको उत्पादन र बजारीकरणमा नयाँ शैली)

१०. आदिकारिक दस्तखत

**अनुसूची ४**
**दफा १० उपदफा (२) बमोजिम**

## प्रस्ताव विवरण

१. आवेदक र सम्पर्क व्यक्ति विवरण

| | |
|---|---|
| आवेदकको नाम / ठेगाना/मोवाइल नं | |
| आवेदक संस्थाको किसिम | १. व्यक्तिगत<br>२. सहकारी<br>३. समूह<br>४. उद्यमी<br>५. अन्य |
| संस्था दर्ता भएको मिति | |
| संस्थाको उदेश्य | |
| परियोजना स्थल | |
| परियोजनाको कुल खर्च (यसमा अनुदानग्राहीको तर्फबाट व्यहोरिने खर्च समेत उल्लेख गर्ने) | |
| अन्य श्रोत वा वित्तीय संस्थाबाट सहयोग लिएको भए सो समेत खुलाउने | |

२. स्याउ फलफूल खेतीको अवस्था

| क्र.सं. | आयोजनाको नाम | विवरण | स्याउ फलफूलको किसिम | उत्पादन लागत (प्रति बोट वा प्रति क्षेत्रफल) | स्याउ बगैंचा क्षेत्रको क्षेत्रफल, उत्पादन र उत्पादकत्व | पूर्वाधार सुविधा | | | लाभान्वित समूह | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सडक | विद्युत | नजिकको बजार दुरी | समूह | पुरुष | महिला | जम्मा |
| | | | | | | | | | | | | |

३. परियोजनाका मुख्य मुख्य कृयाकलापहरु

| क्र.सं. | कृयाकलाप विवरण | इकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप्ने | जम्मा | |
| | | | | | | |

४. अपेक्षित लागत साझेदारी

| क्र.सं. | विवरण | बार्षिक खर्च | अनुदान उपलब्ध गराउने संस्थाको रु | अनुदानग्राहीको लागत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ५

## दफा १५ को उपदफा ३ बमोजिम

## अनुदानका लागि प्रस्तावको मूल्यांकन मापदण्ड

| मापदण्ड | अंकभार |
|---|---|
| १. व्यावसायको लागि भौगोलिक तथा वातावरणीय र भौतिक पूर्वाधारको उपयुक्तता | ५ |
| २. सम्बन्धित व्यावसायका लागि तालिम लिएको भए (कम्तिमा १ हप्ताको) | १० |
| ३. व्यावसायिक कार्ययोजनाको मूल्यांकन | ३० |
| क. आभारभूत पूर्वाधार व्यवस्थापन (५ अंक) | |
| ख. उत्पादन योजना (५ अंक) | |
| ख. बजार योजना (१० अंक) | |
| ग. वित्तीय योजना (५ अंक) | |
| घ. व्यावसायको दिगोपना (५ अंक) | |
| ४. नविनतम सोच बापत | ५ |
| जम्मा पूर्णाङ्क | ५० |

**नोट : दफा ८ बमोजिमको ग्रेडिङ, लेभलिङ र प्याकेजिङ योजना समेत उल्लेख गर्नुपर्ने र सो का लागि अतिरिक्त थप २० अंकभार समेत कायम गरी मूल्यांकन गर्नुपर्नेछ ।**

## अनुसूची ६

## दफा १० को उपदफा (३) बमोजिम

## स्याउ बगैंचा मूल्यांकनका आधार

| सि.नं. | विवरण | प्राप्त हुने अंक |
|---|---|---|
| १ | बगैंचाको उमेर | १० |
| | क. ५ बर्षभन्दा अधिक भएको | १० |
| | ख. ३ बर्ष देखि ५ बर्ष सम्म | ९ |
| | ग. २ देखि ३ बर्ष सम्म | ८ |
| | घ.१ देखि २ बर्ष सम्म | ७ |
| २ | भौगोलिक अवस्था र वातावरण (उचाई, तापक्रम र बर्षा) | १० |
| | उपयुक्त भएको | १० |
| | उपयुक्त कम भएको | ७ |
| ३ | व्यावसाय विस्तारको सम्भावना | १० |
| | क. २० रोपनी भन्दा अधिक भएको | १० |
| | ख. १५ रोपनी देखि २० रोपनी सम्म | ७ |
| | ग. १० रोपनी देखि १५ रोपनी सम्म | ६ |
| | घ. १० रोपनी भन्दा कम भएको | ५ |
| ४ | सञ्चालकको जग्गा | १० |
| | क. आफ्नो जग्गा भएको | १० |
| | ख. कम्तिमा २० बर्षको लिजमा भएको | ८ |
| | ग. १५ देखि १९ बर्ष लिजमा भएको | ६ |
| | घ. १० देखि १५ बर्ष लिजमा भएको | ४ |
| ५ | प्राविधिक ज्ञान अनुभव र दक्षता | ५ |
| ६ | बजार सम्मको पहुँच | ५ |
| ७ | व्यावसाय सम्बन्धित भौतिक संरचना | १० |
| | क. तिनवटा | १० |
| | ख. दुइवटा | ८ |
| | ग. एक वटा | ६ |
| ८ | लगानीको श्रोतको आधार | १० |
| ९ | व्यावसायिक योजना | ३० |
| | जम्मा | १०० |

## अनुसूची ७

## दफा १० को उपदफा (४) बमोजिम

## अनुदान

| क्रसं | विवरण | क्रियाकलाप | अनुदान % |
|---|---|---|---|
| १ | कृषि औजार तथा उपकरण | सिकेचर, प्रुनिङ स, चक्कु, लुपिङ सिजर, मेजरिङ टेप, तौल गर्ने मेसिन, बाल्टी, भर्याङ, म्याग्नीफाइङ लेन्स, मेजरिङ सिलिन्डर, रिफ्रेक्टोमिटर, आरि, स्प्रेयर, आल्मुनियमको ६ फोल्डिङ भएको भर्याङ, पोल प्रुनिङ स, आदी लगायतका बागबानी औजार उपकरण, लगायतका उत्पादन सामग्रीहरु जस्तै मिनि टिलर, रुख व्यवस्थापन उपकरण आदी । | परल मूल्यमा ५०% अनुदान दिइने छ । |
| २ | माटो परिक्षण<br>(प्राथमिक तथा सुक्ष्म तत्वको विश्लेषण) | माटो परिक्षण प्रयोगशालामा माटो जाँच, | |
| ३ | बालि संरक्षण | स्याउमा लाग्ने रोगकिराका लागि जैविक तथा वनस्पतिक विषादीलाई प्राथमिकता दिई व्यवस्थापन गरिने छ ।विकल्पको रुपमा रासायनिक विषादी पनि प्रयोग गर्न सकिने । | परल मूल्यमा बढिमा ५० प्रतिशत अनुदान दिइने |
| ४ | सिंचाई | प्लाष्टिक पोखरी, सिमेन्टेड पोखरी, सिंचाई पाइप, थोपा सिंचाई, सिंचाई कुलो | परल मूल्यमा बढिमा ८५ प्रतिशत अनुदान दिइने |
| ५ | पुरानो बगैचा व्यवस्थापन | सुक्ष्म तत्व तथा कम्पिटमल आदीमा अनुदान, बोर्डो मिश्रण तथा पेष्ट बनाउनका लागि चुना, निलोतुथो, तथा आलसको तेल आदीमा । | परल मूल्यमा बढिमा ५० प्रतिशत अनुदान दिइने |